मितिः २०८१/११/२५

माननीय मन्त्री ज्यू,
नेपाल सरकार,
कृषि तथा पशुपन्छी विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं, नेपाल ।

## ज्ञापन पत्र

महोदय,

नेपाल भर छरिएर रहेका कृषि मेशिनरी र प्रविधि व्यवसाय क्षेत्रमा देखिएका समस्याहरु र यस क्षेत्रमा कार्यरत व्यवसायी तथा उद्यमीहरुले देशको आर्थीक विकाशमा खेल्न सक्ने भूमीकालाई मध्यनजर गरी विगत देखि कृषि यान्त्रीकीकरण र प्रविधि सँग सम्वन्धित विविध गतिविधिहरुलाई संस्थागत रुपमा अघि बढाउन र कृषि क्षेत्रमा कार्यरत उद्यमीहरुलाई हुने र भएको समस्याहरुको समाधानमा प्रोत्साहन, सहयोग समर्थन हुने गरी काम गर्ने उद्देश्यका साथ **नेपाल कृषि मेशिनरी व्यवसायी संघ (Nepal Agricultural Machinery Entrepreneurs' Association)** को स्थापना २०७१ सालमा भएको हो । आफ्नो स्थापना काल देखिनै नेपाल कृषि मेशिनरी व्यवसायी संघले कृषि यान्त्रीकरण प्रविधिमा टेवा पुर्याउने विविध कार्यहरु गर्दै आईरहेको छ । यसका साथै आफ्ना सदस्यहरुको व्यवसाय बृद्धि र क्षमता अभिवृद्धिका लागी संघले विभिन्न कालखण्डमा पहलकदमहरु गर्दै आएको छ ।

नेपालको कृषि क्षेत्रको रुपान्तरण गरी उत्पादन वृद्धि, रोजगारी सृजना, आधुनिकिकरण र व्यवसायीकरण गर्न साथै कृषि उपजको भण्डारण र बजारिकरण समुचित प्रवन्ध मिलाउदै कृषिमा यन्त्र उपकरण तथा नविनतम प्रविधिलाई कृषकको पहुँचमा पुर्याउनको लागि कृषि मैत्री नीति कार्यान्वयन हुन आवश्यक छ । देशको करिव ६० प्रतिशत जनसंख्या रोजगारी तथा जीविकोपार्जनका लागि कृषि क्षेत्रमा निर्भर भएता पनि कुल GDP मा कृषि क्षेत्रको योगदान २४.६ प्रतिशत रहेको छ । कृषि आकर्षणको कमी र अत्याधिक श्रम वोझको कारण दिनहुँ करिव २००० यूवाशक्ति विदेशीन वाध्य भएको देखिन्छ भने कृषि योग्य जमीन वाँझो हुन पुगेको छ । बढ्दो उत्पादन लागत, कृषि योग्य जमीनको खण्डिकरण, साथै जलवायु परिवर्तनको नकरात्मक प्रभावले कृषि क्षेत्रलाई क्षती पुर्याएको छ । कृषि उत्पादनमा विविधिकरण, प्रतिस्पर्धी र वजारमुखी हुन नसक्नु, उत्पादनका सामाग्रीहरुको अपर्याप्त आपुर्ती हुनु जस्ता कारणहरुले कृषि क्षेत्रमा अपार सम्भावना भएपनि आशाशिल उपलब्धी हासिल हुन सकेको छैन ।

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषिमा युवालाई आकर्षित गर्न अत्याधिक श्रम वोझ हटाई बाली वस्तुमा विविधिकरण गर्दै जल, जमिन र जलशक्तिको उत्पादकत्व वृद्धि मार्फत कषि आधुनिकिकरण र औधोगिकिकरण दिशामा वढ्न विश्वव्यापी रुपमा स्वीकारिएको एकमात्र विकल्प कृषि यान्त्रिकरण हो । यसै मान्यतालाई मध्यनजर राख्दै हाम्रो जस्तो विकासशील देशमा कृषि विकासका निम्ति कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्नका निम्ति कृषि क्षेत्रमा प्रयोग हुने यन्त्र, उपकरण, र नविनतम प्रविधिमा प्रशस्त बजेटको व्यवस्था गरि कृषकको प्रयोगमा पुग्ने व्यवस्था गर्नु पर्ने देखिन्छ । नेपालमा कृषि यन्त्रिकरण प्रविधिको विकाश एवं प्रवर्द्धनको निम्ति तपसिल बमोजिमको मागहरु पेश गर्दछौं ।

<u>तपसिल</u> :

**१. कृषि यान्त्रीकरण प्रविधिलाई महत्वपूर्ण कृषि इनपुटको (Agriculture Input) रुपमा राख्नु पर्ने सम्बन्धमा ।**

नेपालको कृषि क्षेत्रको उत्पादन बृद्धि गर्न, रोजगारी सृजना गर्न, कृषि क्षेत्रको आधुनिकरण र व्यवसायीकरण गर्नका लागि यान्त्रीकरण प्रविधि कृषि उत्पादनको अभिन्न अंगहरु हुन । कृषि यान्त्रीकरण प्रविधिको प्रयोगले कृषि उत्पादनको बृद्धि गर्नुका साथै लागत घटाउछ । त्यसैले कृषि यान्त्रीकरण प्रविधिलाइ बिउ, मल, सिचाईहरु संगै राखी नीति बनाउन भनी माग राख्दछौं ।

**२. कृषि यन्त्र र उपकरणहरुको प्रदर्शन गर्न र यस सम्वन्धि तालिम प्रदान गर्न आवास सहितको राष्ट्रिय स्तरको प्रदर्शनी तथा तालिम केन्द्र निर्माण गर्नु पर्ने सम्बन्धमा ।**

हाल सम्म नेपालमा एउटा पनि कृषि यन्त्र, उपकरण तथा प्रविधिहरुको प्रदर्शन गर्ने स्थान उपलव्ध छैन । प्रदर्शनीहरु खुल्ला चौरहरुमा गर्नुपर्ने बाध्यता रहदै आएको छ, जसका कारण प्रदर्शनीहरु जुन सुकै समयमा गर्न सक्ने अवस्था छैन । साथै कृषि यन्त्र, उपकरण तथा प्रविधिहरु सम्बन्धि मर्मत तथा संचालन तालिम दिनका लागी पनि आवास सहितको तालिम हलको आवश्यकता छ । त्यसैले कृषि यन्त्र र उपकरणहरुको प्रदर्शन गर्न र यस सम्वन्घि तालिम प्रदान गर्न आवास सहितको राष्ट्रिय स्तरको प्रदर्शनी तथा तालिम केन्द्र निर्माण गर्न माग राख्दछौं ।

**३. कृषि यान्त्रीकीकरणको विकाशको लागी नेपाल सरकार अन्तरगत छुट्टै केन्द्रको स्थापना गर्नु पर्ने सम्बन्धमा ।**

कृषि यान्त्रीकरण प्रविधि कृषिको एउटा निकै ठूलो क्षेत्र भएकाले यस सम्वन्धि अनुसन्धान, विकास, प्रवर्द्धन, र बजारीकरणको लागी छुट्टै केन्द्रको आवश्यकता छ । त्यसको लागी नेपाल सरकार अन्तरगत छुट्टै केन्द्र बनाउन भनी माग राख्दछौं ।

**४. सार्वजनीक निजी साझेदारी (PPP Model) को विकाश साथै अध्ययनमा जोड दिनु पर्ने ।**

नेपालको कृषि क्षेत्रमा जनशक्तिको अभावलाई सम्बोधन गर्न बढी भन्दा बढी बजेट तथा कार्यक्रम व्यवस्था गरी आवश्यक परेको खण्डमा सरकारी निजी साझेदारी कार्यक्रम नीतिमा नै व्यवस्था गर्नु पर्ने । साथै नेपालमा हाल सम्म उपलब्ध वा प्रयोगमा आएका यान्त्रीकरण तथा प्रविधिको वास्तविक तथ्याङ्क सङ्कलन गरी भविष्यको लागी अध्ययन गर्नु पर्ने ।

**५. स्वदेशी उत्पादनलाई प्रोत्साहन नीति ।**

क. वैङ्कको व्याजदरमा अनुदानको व्यवस्था गर्नु पर्ने ।

ख. कृषि उद्योग स्थापनाको पहिलो पाँच बर्ष सम्म आयकरमा छुट हुनु पर्ने ।

ग. कोल्डस्टोर तथा कृषि उद्योगमा विद्युत सहुलियत कायम गर्नु पर्ने ।

घ. कृषि उद्योगको कच्चा पदार्थमा विधमान भन्सार दर कम गर्नु पर्ने ।

**६. भन्सारमा छुट गर्नु पर्ने ।**

बिश्वभर उत्पादित गुणस्तरीय यन्त्र, उपकरण र नविनतम प्रविधिलाई सहज र सुलभ तरिकाले प्रयोग गर्न पाउने कृषकको आधिकार लाई संरक्षण गर्दै बिद्यमान भन्सार दरलाई कमि गरिनु पर्ने देखिन्छ ।  जसको लागि SUB-H.S Code को व्यबस्था हुनु पर्ने ।

क. ग्रीनहाउसमा प्रयोग हुने सम्पुर्ण कभरीङ मेटरियल्सहरुको भन्सारदर १ प्रतिशत कायम गर्नु पर्ने ।

ख. UV Plastic – 200 Micron, 100 Micron, 70 Micron, प्लास्टिकहरु ग्रीनहाउसमा मात्र प्रयोग हुने तर अन्यत्र प्लास्टिकहरु विविध कार्यमा  प्रयोग हुने भएकोले UV Plastic को हकमा SUB-H.S Code  अनिवार्य गरिनु पर्ने ।

ग. ग्रीन हाउसमा प्रयोग हुने Insect Net, Shade Net, Apron  Plastic हरुको छुट्टाछुट्टै SUB-H.S Code अनिवार्य गरिनु पर्ने ।

घ. कृषि कार्यमा मात्र प्रयोग हुने विभिन्न प्रकारका स्प्रयेयर (Battery sprayer, Normal Sprayer) मा VAT Free गर्नु पर्ने ।

ङ. मत्स्य पालनमा मात्र प्रयोग हुने Paddle Wheel Aerator मा Tarrif : 15%, VAT : 13% को व्यवस्था छ । यसको Tarrif : १%, VAT : ०% गर्नु पर्ने ।

**७. गुणस्तर र मापदण्डमा एकरुपता कायम गर्दै प्रमाणीकरण गर्नु पर्ने ।**

हाल नेपालमा यान्त्रिकरण प्रविधिहरुको गुणस्तर जाँच नभइ बिक्रि बितरण भइरहेको अवस्था छ । जसका कारण कम गुणस्तरका सामानहरुको विक्रि वितरण हुने गरेका छन् । यस समस्याको दिर्घकालीन समाधानको लागी यान्त्रिकरण प्रविधिहरु जाँच गरेर प्रमाणित गरि मात्र विक्रि वितरण गर्ने प्रावधान लागु गर्नु पर्ने । साथै नेपालको भौगोलिक बनोटलाई सुहाउँदो यान्त्रीकरण प्रविधिहरुको अध्ययन गरी specification सहित सिफारिस गरिनु पर्ने ।

**८. भू उपयोग निती कार्यानवयनमा ल्याउनु पर्ने ।**

कृषि यान्त्रीकरण तथा प्रविधिलाई प्रोत्साहन गर्नका लागी छिटो भन्दा छिटो भू उपयोग नीति कार्यानवयनमा ल्याउनु पर्ने ।

**९. किसानले यन्त्र, उपकरण, प्रविधिहरु आफै छान्न पाउनु पर्ने ।**

कृषकको आवश्यकतालाई पहिचान गरी उत्पादनलाई प्रोत्साहन गर्नको लागी किसानले नै कृषि यन्त्र, उपकरण र प्रविधिलाई छान्न पाउने गरी व्यवस्था गरिनु पर्ने । किसानले पाउनु पर्ने अनुदान किसानकै खातामा जाने व्यवस्था गरिनु पर्ने ।

**१०. यन्त्र तथा प्रविधिलाई सरोकारवाला संग सहकार्यमा बीमा तथा वित्तीय सुविधाको लागी पहल गरिनु पर्ने ।**

कृषि यन्त्र तथा प्रविधिको खरिद गर्दा वित्तीय सुविधा नरहेकाले त्यसको विस्तारको लागी आवश्यक पहल गर्नु पर्ने ।

**११. एक पालिका, एक वर्कशप ।**

देशको विभिन्न दुर्गम क्षेत्रमा अझै पनि कृषि मेशिनरी वर्कशपहरु उपलब्ध छैनन, जसका कारण कृषि यान्त्रीकीकरणको आवश्यक विकाश एवं विस्तार हुन सकेको छैन । यस समस्याको हल गर्नका निम्ति एक पालिकामा कम्तिमा पनि एक वर्कशप बनाउने कुरा नीतिगत रुपमा अगाडि बढाउनु पर्ने ।

**१२. एक पालिका एक नर्सरी घर ।**

उत्पादनको प्रमुख आयामहरु मल विउ, पानी र माटो मध्य विउ तथा बेर्ना पनि अत्यन्तै संवेदनशील विषय भएकोले आजको परिप्रेक्ष्मा विउमा परनिर्भर हुनु परेको अवस्थामा आफ्नो उत्पादनलाई संरक्षण गर्दै रैथाने तथा हाइब्रिड विउहरुमा आत्म निर्भर हुदै कृषिको आधुनिकीकरण मार्फत व्यवसायीकरणको निम्ति कम्तिमा पनि एक पालिका एक सुविधा सम्पन्न नर्सरी घरको अवधारणा लागु हुनुपर्ने ।

### **१३. महिला र जलवायु मैत्री कृषि यान्त्रिकरण प्रविधिमा जोड दिनु पर्ने ।**

कृषि कर्म गर्ने जनसङ्ख्या मध्य ४१% महिलाहरु भएकाले महिला मैत्री यन्त्र, उपकरण, र प्रविधिको विकाश एवं प्रवर्द्धनमा मद्दत पुग्ने निती ल्याउनु पर्ने । साथै विश्वमा नै देखा परिराखेको जलवायु परिवर्तनलाई मध्यनजर गर्दै गुणस्तरीय प्रविधिको विकाश एवं प्रवर्द्धन गर्नु पर्ने ।

### **१४. यान्त्रीकरण प्रविधिको लागी छुट्टै बजेट विनियोजन गर्नु पर्ने ।**

नेपाल सरकारले तय गरेको कृषि रणनिती २०३५ लाई पुरा गर्नका निम्ति कृषिमा यान्त्रीकरण प्रविधिको प्रवर्द्धन गर्नु आवश्यक छ । त्यसैले यान्त्रीकरण प्रविधिको लागी हाल छुट्टयाउदै आएको बजेट अपुग रहेकाले बजेट थप गर्नु पर्ने ।

### **१५. कृषि यान्त्रीकरण प्रवद्धन नितीको प्रथम संसोधनलाई टुङ्ग्याउनु पर्ने ।**

कृषि यान्त्रीकरण तथा प्रविधिलाई प्रोत्साहन गर्नका लागी छिटो भन्दा छिटो कृषि यान्त्रीकरण प्रवद्धन नितीको प्रथम संसोधनलाई टुङ्ग्याउनु पर्ने ।

### **१६. कृषि यन्त्र परिक्षण केन्द्रलाई पूर्ण संचालनमा ल्याउनु पर्ने ।**

कृषि यन्त्रहरुको गुणस्तरलाई निगरानी गर्न र नियन्त्रण गर्न नवल्पुरमा निर्मित कृषि यन्त्र परिक्षण केन्द्रलाई पूर्ण रुपमा संचालनमा ल्याउनु पर्ने ।

कृष्ण शर्मा
अध्यक्ष
नेपाल कृषि मेशिनरी व्यवसायी संघ